# आ.व ०७७।७८ को निती तथा कार्यक्रमहरु

आदरणीय सभाका सदस्य महानुभावहरू,

यस कनकासुन्दरी गाउँपालिकाको समग्र विकास निर्माण प्रक्रियामा आफ्नो महत्वपुर्ण समयमा पनि सहभागी भई नयाँ नेपाल निर्माण तथा नयाँ संविधान कार्यन्वयन गर्ने महान अभियानको क्रममा हुन गईरहेको यस गाउँपालिकाको पाँचौ गरिमामय गाउँसभाको उद्धाटन समारोहमा सहभागी भई राष्ट्र निर्माणको प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्नु हुने यहाँ उपस्थित हुने प्रमुख अ तिथि, आमन्त्रित अ तिथि, गाँउसभा सदस्य एवम कमचारीहरु लाई गाउँसभाको तर्फ वाट र मेरो व्यक्तिगत तर्फ वाट हार्दिक स्वागत गर्न चाहान्छु ।

सर्वप्रथम म प्रजातन्त्र लोकतन्त्र र गणतन्त्र प्राप्त गर्ने क्रममा देश र जनताको मुक्ति र परिवर्तनको न्यानो प्रेरणा दिई सस्थागत गर्दै संघीय गणतन्त्र स्थापना गर्न र संविधान सभा वाट संविधान जारी गर्न जीवन बलिदान दिने ज्ञात अज्ञात सहिद प्रति भाव पूर्ण श्रदान्जली अर्पण गर्दछु।

यस कनकासुन्दरी गाउँपालिकाको ऐतिहासिक पाँचौ गाउँसभालाई सफल र व्यवस्थित बनाउन हाम्रो निमन्त्रणा लाई स्वीकार गरि उपस्थित हुनु भएकोमा सभाका पार्षदज्यु हरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

कनकासुन्दरी गाउँपालिकामा प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै यसैको जगमा टेकेर सम्वृद्ध कनकासुन्दरी गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म कनकासुन्दरी गाउँपालिकाको आगामी वर्षको वार्षिक नीति तथा कार्यक्रमका मुख्य मूख्य क्षेत्रहरू प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकासः

- चालु आ.ब. को श्रावण १ गतेदेखि लागु हुने गरी राजश्व परामर्श समितिको सिफारिसमा करको दायरा बढाइनेछ साथै सबै व्यवसायि लाई व्यवसाय कर लगाईनेछ ।
- प्रशासनिक संयन्त्रलाई छिटो छरितो मितब्य यी बनाई प्रशासनिक खर्च घटाई विकास बजेट बढाउने नीति लिईनेछ ।
- कनकासुन्दरी गाउँपालिकाको आर्थिक ऐन २०७७ अनुसारको कर शुल्क, सेवा शुल्क दस्तुर र भाडा सम्बन्धित क्षेत्रमा लागु गरिनेछ ।
- करदाताको सुविधालाई मध्यनजर गर्दै कर सम्बन्धी जनचेतना जगाउन सरोकारवालाहरुसँग सरसल्लाह र सुझाब लिन समय समयमा प्रभाबकारी कार्यक्रम र गोष्ठी संचालन गरिनेछ ।
- कनकासुन्दरी गाउँपालिकाको केन्द्रमा संचालनमा रहेको कुमारी बैंकको सेवा विस्तारमा आवश्यक पहल गरिनेछ ।
- यस आ.ब. भित्र सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- आगामी २ वर्ष भित्र कम्तीमा १ वटा स्याउ प्रशोधन केन्द्र १ शित भण्डार केन्द स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- आगामी २ वर्षभित्र ३ वटा पर्यटकीय गन्तव्य स्थलको विकास भएको हुनेछ ।
- बर्षमा कम्तिमा ३ पट क प्रत्येक पसलको बजार अनुगमन गरिने कार्यलाइ तिव्रताका साथ अगाडी बढाइने छ।
- गाउँपालिकालाई बार्षिक रुपमा सबै भन्दा वढी कर बुझाउने करदाता (व्यक्ति वा फर्म) लाई गाउँसभाबाट सम्मानित गर्ने परिपाटीको विकास गरिनेछ ।
- गाउँपालिका स्तरमा उत्पादित कृषि उपजहरुको प्रदर्शनी मेला आयोजना गरी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरिनेछ ।
- होटल, भोजनालय र चमेनागृह आदिको पूर्बाधार सेवा र खाद्य गुणस्तर सुनिश्चित गर्न वर्षमा कम्तिमा ३ पटक प्रत्येक पसलको निरीक्षण र अनुगमन गरिनेछ ।
- आगामी आ.ब. भित्र वित्तीय संस्थामार्फत कृषि बिमा संचालनमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ ।

- आगामी २ बर्ष भित्र पहिचान भएको कृषि पकेट क्षेत्रमा कृषि , बागबानी, स्याउखेती, मौरीपालन,ओखर खेति आदि कार्य गर्न कृषकहरुलाई नवितम सिप प्रदान गरिनेछ ।
- पशुपंक्षी व्यवस्थापन सम्बन्धी मापदण्डहरु परिपालना गर्ने गराउने व्यवस्था मिलाएको छ ।

## २. सामाजिक विकास

- आगामी आ.ब. भित्र हरेक घरधुरीको पारिवारिक विवरण (Household Folder) अद्यावधिक र सुरक्षित गर्ने व्यवस्था मिलाएकोछु ।
- आगामी आ .ब. भित्र व्यक्तिगत घटना दर्ता (जन्म , मृत्यु, वसाइसराई, सम्वन्ध विच्छेद) विद्युतिय प्रणाली मार्फत गर्ने व्यवस्था मिलाएकोछु ।
- सबैको लागि निशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चतता गर्नको लागि स्वास्थ्य चौकीहरुमा आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- आगामी २ वर्ष भित्र यस गाउँपालिकामा १५ सैयाको सुविधासम्पन्न अस्पताल संचालनमा गर्नको लागि प्रदेश सरकार तथा नेपाल सरकार समक्ष सहकार्य तथा अस्पताल व्यवस्थापनमा पहलका लागि अनुरोध गरिनेछ ।
- प्रत्येक बर्ष वाल स्वास्थ्य, महिला स्वास्थ्य एवं सुलभ स्वास्थ्य सेवाको प्रत्याभूतिका लागि यस आ.व. मा २ वटा घुम्ति स्वास्थ्य सिविर संचालनको लागि रकमको व्यवस्था गरेको छु ।
- आगामी वर्ष भित्र नेपाल सरकारको अवधारणा अनुसार नागरिकले स्वास्थ्य वीमाको सुबिधा प्राप्त गर्नको लागि आवश्यक पहल गरिनेछ
- आगामी आ.ब. भित्र विद्यालय वालमैत्री भई पढाई निरन्तर र गुणस्तरीय रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ।
- यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने व्यवस्थाका लागि नेपाल सरकार र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।
- आगामी २ वर्ष भित्र बिद्यालय उमेर समुहका सवै बालबालिका निरन्तर बिद्यालय जाने व्यवस्था मिलाईनेछ।
- आगामी २ वर्ष भित्र सबै बिद्यालयमा कम्प्युटर शिक्षा तर्फ विशेष जोड दिइनेछ ।

- आगामी २ बर्ष भित्र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर निजी विद्यालय सरह भएको हुने व्यवस्था मिलाईनेछ।
- आगामी २ वर्ष भित्र यस गाउँपालिकामा कम्तिमा १ वटा रंगशाला निर्माण कार्यको लागि प्रदेश सरकार र नेपाल सरकारसगं आवश्यक पहल गरिनेछ ।
- आगामी १ वर्ष भित्र छुवाछुतमुक्त गाउँपालिका वनाईनेछ ।
- यसै आ.ब. भित्र अवैध मदिरा निषेधित स्थानीय तह घोषणा गर्न आवश्यक पहल गरिनेछ ।
- वाल विवाह उन्मुलनको लागि जनचेतनामूलक कार्यक्रमको व्यवस्था मिलाएको छ।
- आगामी २ वर्ष भित्र प्रत्येक घरधुरीमा गुणस्तरीय खानेपानी उपलब्ध गराउने हेतुले गाउँपालिका भित्र वजेटको व्यवस्था मिलाएको छ ।
- लक्षित वर्गलाई सीप र उद्यमशिलता प्र बर्धनको लागि तालिमको व्यवस्था गरिनेछ।
- यसै आ.ब. भित्र कम्तिमा १ वटा सामुदायिक सूचना केन्द्र संचालनमा ल्याइनेछ ।
- सामाजिक, धार्मिक, सांस्कृतिक कुरीतिहरु बिरुद्धको अभियान निरन्तर संचालन गरिनेछ ।
- प्रत्यक वस्तीमा सरसफाईको लागि कन्टेनरको व्यवस्था गरिनेछ ।
- गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिता संचालन गरिनेछ।

## ३.पुर्बाधार विकास:

- आगामी १ वर्ष भित्र कनकासुन्दरी गाँउपालिकाको भवन निर्माणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायमा विशेष पहल गरिनेछ ।
- यस वर्ष भित्र ४ वडाको कार्यालय भवन निर्माण को लागी बजेटको व्यवस्था मिलाएको छ।
- आगामी २ वर्ष भित्र सबै वडा केन्द्र जोडने गरी बार्हैं महिना मोटर चल्ने सक्ने सडक संजाल संचालन गरिनेछ ।
- जल बिद्युतको दिर्घकालिन योजना अनुरुप २ वर्ष भित्र गाउँपालिकाको सबै टोलमा बिद्युत सेवाको पहुच पुराउन विशेष पहल गरिनेछ ।

- तत्कालै इन्टरनेट सेवा को पहुँच बढाउन आवश्यक पहल गरिनुका साथै टेलिफोन सेवाको लागि आवश्यक पहल गरिनेछ ।
- निर्माण हुने सबै किसिमका सार्वजनिक पुर्वाधारहरु बालमैत्री , लैगिक मैत्री , अपांगता मैत्री र वातावरण मैत्री मापदण्डका आधारमा निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र खानेपानीको दिर्घकालिन योजना बनाइ खानेपानीमा सहजता ल्याइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सबै नदी र खोला मा फोहोरमैला र दिसापिसावबाट मुक्त बनाउने प्रयत्न गरिनेछ ।
- आगामी २ बर्ष भित्र ग्रामीण यातायात प्रणाली एक अर्कासँग जोडिएका तथा प्रतिस्पर्धात्मक, सुबिधायुक्त, सुरक्षित र व्यवस्थित रुपमा संचालन को व्यावस्था मिलाइने छ ।
- वस्ती विकास , शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को पूर्ण परिपालना गर्न अवश्यक व्यवस्था गरिनेछ ।
- सबै पूर्वाधार निर्माणको क्रममा गुणस्तर सुनिश्चत गर्ने व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका ग्रामिण सडकको स्तरउन्नति गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं. ८ को स्यालीमुग्रा स्थान देखी वारकोटेवाडा, सिमपाटा, कनकासुन्दरी माईको फुलपाती चौर, लेखपोर हुदै जलजलाबाट जुम्ला बजार जोड्ने सडकको लागि नेपाल सरकार तथा पदेश सरकार समक्ष पहल गरिनेछ ।
- कनकासुन्दरी गांउपालिका भित्रका सिमामा स्वागत गेट १ वटा स्थापना गरिनेछ ।

---

## ४.वातावरण तथा विपद् व्यवस्थापनः

---

- यसै आ.ब. भित्र गाउँपालिकाको जलाधार वस्तुस्थिति विवरण (Climate Profile) तयार गरी जोखीम युक्त स्थानको पहिचान गरीने छ ।
- विपत व्यवस्थापनका लागि गा.पा स्तरीय योजना निर्माण गरि त्यसको प्रभावकारी कायान्वयन गिरनेछ ।

- आगामी २ वर्षभित्र कम्तीमा *"एक वडा: एक नर्सरी"* स्थापना गरी सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरिनेछ ।
- आगामी २ वर्ष भित्र हरेक बस्तीमा फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।
- आगामी १ वर्ष भित्र पानीका मुहानहरुको अभिलेख राखी उक्त स्रोतका दीगो संरक्षण गरिनेछ ।
- यसै आ.ब.र्ष भित्र गाउँपालिकामा विपद व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।
- यस गाउँपालिकालाई वातावरण मैत्री बनाउन वातावरण मैत्री सूचकहरु निर्धारण गरी आगामी आ.व. मा कुनै १ टोललाई वातावरण मैत्री वनाईनेछ र क्रमश अन्य वडा पालिकालाई वातावरण मैत्री घोषणा गरिनेछ ।

## ५. संस्थागत विकास, सेवाप्रवाह तथा सुशासनः

- गाउँपालिकाबाट जनतालाई उपलब्ध गराउने सेबा सुबिधाको बिस्तृत विवरण उल्लेख गरी नागरिक बडापत्र तयार गरिकोछु ।
- गाउँपालिकामा संचालन भएका बिकास निर्माणका कार्यक्रमहरुको नियमित अनुगमन ,प्रगति समिक्षा , सार्वजनिक सुनुवाई , सामाजिक लेखापरीक्षण र सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुचनालाई विद्धुतीय प्रणाली मार्फत सुशासनलाई बढावा दिईनेछ ।
- गाउँपालिकाबाट संचालित बिका स निर्माणका आयोजना तथा कार्यक्रमको प्रभाबकारिता अभिबृद्धि गर्न अनुगमन र सुपरिवेक्षण प्रणालिलाई प्रभाबकारी बनाइनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीलाई कार्य दक्षताको आधारमा उत्कृष्ट छनौट गरी पुरस्कृत गरिने व्यवस्था मिलाएको छु।
- कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई क्रमशः कम्प्युटरकृत र सूचना प्रविधिमैत्री बनाई थप प्रभावकारी बनाइनेछ ।
- सभा तथा कार्यपालिकाका निर्णयहरु २ दिन भित्र सार्वजनिक गरिनेछ ।
- यसै आ.ब.मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य मन्त्रालयबाट उपलब्ध गराएको नमूना कानुन बमोजिम आवश्यक कानून स्वीकृत गरी लागू गरीनेछ ।

- प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र अचल सम्पत्ति तथा स्थानीय तहमा हस्तान्तरण भई आएका (विद्यालय भवन , स्वास्थ्य केन्द्र/उपकेन्द्र भवन, कृषि पशु सेवा केन्द्रका भवन , अन्य सरकारी र सामुदायिक भवन , जग्गा जमीन, पुवाधार, सम्पन्न योजना, आयोजना वा कार्यक्रम) आदिको विवरण अद्यावधिक गरी सार्वजनिक गरिनेछ ।
- प्रत्येक आ.व.को पहिलो चौमासिकभित्र स्थानीय तहका गैर सरकारी सामाजिक संघ संस्थाको विवरण अद्यावधिक गरी र्सावजनिक गरिनेछ ।
- यसै आ.ब. भित्र सूचना प्र विधिको प्रयोग गरी स्थानीय तथ्यांक अध्यावधिक र संरक्षण गर्ने व्यवस्था गरिनेछ।
- अनलाइन (Online) पद्धतिवाट व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवालाई गुणस्तरीय बनाउने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ।
- आफ्नो सबै कार्यको वार्षिक प्रगित प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।
- GIZ CDCG सँग सुशासन प्रवधनको क्षेत्रमा गर्दै जाने र स्थानीय सस्था स.मुल्याकनको आधारमा तयार पारिएको कार्यक्रममा उल्लेखित कियाकलापलाई निरन्तरता दिने ।
- सस्कृति र कलाको क्षेत्रलाई पभावकारी बनाईदिन पने ।

---

## ६. बजेट, योजना तथा वित्तीय व्यवस्थापन

---

- प्रत्येक आ.व.मा राजश्व सम्भाव्यता अध्ययन र प्रक्षेपण भई आन्तरिक आयमा ५ प्रतिशत अभिबृद्धि भएको हुनेछ ।
- आगामी आर्थिक बर्षभित्र सवै बिष यक्षेत्र समेटी आवधिक योजना तयार भई र्सावजनिक गर्ने व्यस्था गरिनेछ।
- आवधिक र रणनीतिक विकास योजनाको आधारमा मात्र वार्षिक विकास योजनाहरु तर्जुमा भइ आगामी बर्ष देखी संचालनमा ल्याईनेछ ।
- प्रत्येक आर्थिक बर्षको अन्त्यमा पेश्की फछ्र्यौट भएको हुनेछ ।
- आ.व. २०७७/७८ को पहिलो चौमासिक भित्र सुशासन अभिबृद्धि, सदाचार प्रबर्धन सम्बन्धी नीतिगत व्यवस्था स्वीकृत भई लागू गरिने छ।
- आ.व. २०७ ७/७८ को दोस्रो चौमासिकभित्र पाश्र्वचित्र अद्यावधिक गरी सार्वजनिक गरिनेछ ।

- आगामी बर्ष भित्र  सहभागितामूलक एवं समावेशी योजना तर्जुमा र कार्यान्वयन (विपन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिको सहभागिता सुनिश्चित भएको) प्रक्रिया अवलम्वन गरी योजना तर्जुमा गरिनेछ ।

## ७. स्वास्थ्य तर्फको निति तथा कार्यक्रम

- प्रत्येक बर्थिङ्ग सेन्टर र सामुदायिक स्वास्थ्य चौकिमा काम गर्ने गरि एक जना अनमि ,अ.हे.व र एक जना कार्यालय सहयोगीका लागि पारिश्रमिकको व्यवस्था गर्ने आन्तरिक श्रोतको सम्भावनालाई वढाई रकमको व्यवस्था मिलाएको छु ।
- विश्वमा महामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथाम,नियन्त्रण तथा उपचारका लागि कोषको स्थापना गरेका छु ।
- खोप केन्द्र संचालन गर्नको लागि आवश्यक सामाग्रीको व्यवस्था गर्नको लागि रकम विनियोजन गरेको छु । साथै आवश्यक पर्ने कर्मचारीहरुलाई करारमा लिई सेवालाई प्रभावकारी बनाईनेछ ।
- भ्याक्सिन ढुवानि गर्नका लागि रकम व्यवस्था गर्ने आवश्यक पहल गरिनेछ ।
- आधार भूत स्वास्थ्य सेवालाई प्रभावकारी वनाउनको लागि गाउँघर क्लिनीकमा आवश्यक पर्ने औषधी र उपकरणको व्यवस्था गर्ने रकम विनियोजन गरिनेछ ।
- स्वास्थ्य संस्था नभएको वडाहरुमा सामुदायिक स्वास्थ्य क्लिनिकको निरन्तरता दिदै स्वास्थ्य चौकीको व्यवस्था गर्ने संघीय सरकार सँग कर्मचारीहरुको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- बर्थिङ्ग सेन्टर नभएका स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टरको व्यवस्थापन गरि आवश्यक सामाग्रीको व्यवस्थापन गर्न रकम विनियोजन गरेकोछु ।
- बर्थिङ्ग सेन्टर संचालन भएका स्वास्थ्य चौकीहरुमा आवश्यक सामाग्रीको व्यवस्थापन गरि गुणस्तरिय सेवा प्रदान गर्न रकमको व्यवस्था मिलाएको छु ।
- परिवार नियोजन सेवालाई निरन्तरता दिनको लागि लामो समय अवधिमा काम गर्ने साधन । जस्तै : IUCD, IMPLANT र Vasectomy सेवालाई प्राथमिकता दिदै satelite camp संचालनको व्यवस्था गर्ने गरि कार्यक्रमहरु लाईनेछ ।
- पोषण सेवालाई प्रभावकारी बनाउन स्थानिय खाद्य प्रदार्थलाई प्राथमिकता दिनको लागि जनचेतना मुलक कार्यक्रम आमा समुहमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ॥
- महामारी रोग नियन्त्रण गर्नका लागि आधारभूत स्वास्थ्य शिक्षा र अत्यावश्यक औषधी को व्यवस्था गरिनेछ ।
- यस कनकासुन्दरी गाउँपालिकाको प्रत्येक वडाहरुमा महिलाहरुको आङ्ग खस्ने र पाठेघर सम्बन्धि समस्या व्यापकरुपमा रहेको ले प्रत्येक स्वास्थ्य संस्थाहरुमा कम्तीमा वर्षमा २ पटक निशुल्क क्याम्प संचालन गर्ने ।

- विशेषज्ञ सेवा प्रदान गर्नका लागि निशुल्क जनरल मेडीकल हेल्थ चेकअप क्याम्प संचालन गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुमा उपकरण  र औषधीको व्यवस्था गरिनेछ ।
- सुचना प्रणालीलाई प्रभावकारी बनाउनको लागि डाटा भेरिफिकेशन र क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्यको आधारभूत खम्बाको रुपमा चिनिने महिला स्वास्थ्य स्वयसेविकाहरुलाई प्रत्येक मासिक रिपोटिङ्ग तथा मिटिङ्ग संचालनका लागि भत्ताको व्यवस्थापन गरिनेछ ।
- . किशोरीहरुका लागि रक्तअल्पता कम गर्न र कुपोषणबाट बच्न प्रत्येक वडा तथा प्रत्येक स्वास्थ्य चौकीहरुमा पोषण कार्यक्रम संचालन गरिनेछ ।
- एच.आई.भि.एड्स र यौन जन्य रोगको प्रकोपलाई कम गर्न ठाँउ ठाँउमा होडिङ्ग वोर्ड राख्ने र जनचेतना सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ  ।
- प्रत्येक स्वास्थ्य संस्थामा सुचना संचार र स्वास्थ्य शिक्षा प्रदान गर्नका लागि पोष्टर बुक्लेट व्यवस्थापन गरि सुचना संचारलाई प्रभावकारीरुपमा व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य संस्थाको स्वास्थ्य प्रोफाईल तयार गरिनेछ ।
- स्वास्थ्य संस्थामा प्रयोग हुने सम्पूर्ण HMIS tools र LMIS tool को व्यवस्थापन गरिनेछ ।
- बर्थिङ्ग सेन्टरमा जन्मने नवजात शिशुलाई बर्थ सर्टिफिकेट दिने व्यवस्था  गरिनेछ  ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।
- बर्थिङ्ग सेन्टरमा काम गर्ने अनमीहरुलाई खाजाको व्यवस्था  गरिनेछ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदै आगामि २ वर्ष भित्र कुपोषण मुक्त गाउँपालिका बनाउन प्रतिवद्धता बमोजिम काम गर्न आवश्यक बजेट विनियोजन गरेको छु
- साठी वर्ष उमेर पुगि सकेका महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई सम्मान जनक विदाईका लागि रकम विनियोजन गर्ने र नयाँ छनौट भएका महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई आधारभूत तालिमको व्यवस्था मिलाएको छु ।
- खोप सेवालाई प्रभावकारी बनाउनको लागि प्रत्येक खोप केन्द्रमा वाह्य खोप केन्द्र भवन निमार्ण गर्न रकम विनियोजन गरेको छु
- गाउँपालिकामा अत्याआवश्यक विशेषज्ञ सेवा प्रदान गर्नको लागि एम्बुलेन्स को व्यवस्था मिलाएको छु
- कोभिड १९ को खोज पड्तालको लागि टिम गठन गरिनेछ ।
- कोभिड १९ का व्यवस्थापनका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्न वजेटको व्यवस्था गरेको छु ।
- प्रयोगशाला सम्बन्धी आवश्यक सामाग्रीको व्यवस्थ गर्न रकम विनियोजन गरेको छु

- सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।
- वडा नं १ को मार्फानमा सामुदायीक स्वास्थ्य क्लिनिक स्थापनाको लागि रकम विनियोजन गरेको छु ।
- कोभिड १९ को विषय सम्वन्धमा छुटै निति तथा कार्यक्रम बनाएर आगामी वर्षहरुमा थप प्रभावकारी बनाउने प्रयोजनका लागि आवश्यक रकम विनियोजन गरेको छ ।
- विद्यालय संचालन पुर्व शिक्षकहरुलाई क्वारेनटाईनमा राख्न आवश्यक रकमको व्यवस्था गरेको छु ।
- विद्यालय स्तरमा जनचेतनामुलक कार्यक्रमको अभ्यास नियमित रुपमा गर्नु पर्ने प्रयोजनका लागि आवश्यक पहल गरिनेछ ।

## ८. राजस्व सम्बन्धी निती तथा कार्यक्रम

- आन्तरिक स्रोत प्रभावकारी कार्यान्वयनको लागि श्रावण १ देखि भाद्र मसान्त सम्म यस गांउपालिका अन्तरगत स्थायी रुपमा बसोबास गर्ने बासिन्दाहरुलाई वडा कार्यालयमा आ-आफ्नो लालपुर्जा सहित सम्पति दर्ता गर्न आवहन गरिने छ ।
- यस गांउपालिकाको आन्तरिक आम्दानीको स्रोतलाई मजवुत बनाउनको लागी करको दायरा बढाईने छ ।

## ९. दक्ष जनशक्ति उत्पादन सम्बन्धी निती तथा कार्यक्रम

- यस कनकासुन्दरी गांउपालिकामा दक्ष प्राविधिक जनशक्तिको कमीले गर्दा विषयगत क्षेत्रका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न नसकिएको अवस्था छ । यसको अभाव हामी कनकासुन्दरी गांउपालिकाले कहिले सम्म झेलिरहने ? यसको अभाव र समस्या लाई परिपुर्ति गर्नको लागि आगामी २ वर्ष भित्र विविध विषयका दक्ष प्राविधिक हरु ५० जना उत्पादन गर्ने लक्ष्य लिएको छ । यसका लागि निम्न रणनितीहरु तयार गरि अवलम्वन गरिनेछ ।
- लक्षित वर्ग विकास तथा सामाजिक समावेशी विकास कार्यक्रम अन्तरगत विनियोजन भएको बजेट नै यसको प्रमुख स्रोत हुनेछ ।

- पहिलो चरणमा कर्णाली प्राविधिक शिक्षालय कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरु संग समन्वय गरि कार्यक्रमहरु अगाडि बढाईने छ ।
- यो कार्यक्रम कार्यन्वयन गर्नको लागि वडास्तरीय एकिकृत योजना तर्जुमा गोष्ठी वाट सम्बोधन भई समावेश भएको  हुनु पर्नेछ । लक्षित वर्ग विकास कार्यक्रम वाट लक्षित वर्ग बीच प्रतिष्पर्धा गराई छनौट गरिनेछ । यस कार्यक्रममा अति विपन्न गरीब दलित अपाङ्ग तथा महिलालाई पहिलो प्राथमिकता दिईनेछ ।

# १०. शिक्षा सम्बन्धी निती

- कनकासुन्दरी गांउपालिका क्षेत्र भित्रका विद्यलयहरुको भौतिक पुर्वाधार विकासमा गत वर्ष जस्तै यस वर्ष पनि विशेष जोड दिईने छ ।
- विधार्थीको शैक्षिकस्तर वृदि गर्नाको लागि शिक्षण सिकाई कृयाकलाप संचालन हुने मुल थलो कक्षा कोठा सुधार तथा व्यवस्थापनका लागि वजेट विनियोजन गरेको छु ।
- प्रारम्भिक वाल विकास शिक्षा संचालन गर्न गांउपालिका स्तर वाट विशेष जोड दिनुका साथै वाल शिक्षा सहजकर्ताको क्षमता विकास तालिम संचालन गरिने छ ।
- शिक्षक दरबन्दी न्युन भएका विद्यलयहरुमा प्रभावकारी रुपमा शिक्षण सिकाई कृयाकलाप संचालन गर्न बहु कक्षा बहुस्तर शिक्षण सिकाईका लागि आवश्यक अनुदान दिने व्यवस्था गरिने छ ।
- गांउपालिका क्षेत्र भित्र संचालन भएका ७ वटा माध्यमिक विद्यालयहरु मध्ये उत्कृष्ट सिकाई उपलब्धी भएको विद्यलयलाई सिकाई सुदुढीकरण तथा कार्यसम्पादनको आधारमा दक्ष उत्कृष्ट सिकाईका लागि प्रोत्साहित गर्न आवश्यक अनुदान दिने व्यवस्था गरिने छ ।

- माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाईमा सुचना प्रविधीको प्रयोगको लागि कम्प्युटर, ईन्टरनेट, कनेक्टीभिटी, ईक्युपमेन्टस सामग्री खरिद गर्न अनुदान दिने ब्यवस्था मिलाईने छ ।
- शिक्षकको शिक्षक सिकाईमा विताउने समय अवधी सुधार योजना निर्माण गरि यसको प्रभावकारी कार्यन्वयनको जोड दिने व्यवस्था मिलाईने छ ।
- माध्यमिक विद्यलयमा विज्ञान शिक्षणलाई प्रभावकारी बनाउनका लागि एक विद्यालय एक विज्ञान प्रयोगशाला स्थापना गर्न अनुदानको व्यवस्था गरिने छ ।
- व्यवसायिक रोजगार उन्मुख दक्ष तथा सक्षम र प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय स्थापना गर्न विशेष जोड दिईने छ ।
- विद्यालयमा छात्रा मैत्री शौचालय नभएका कारण न्युन छात्रा उपस्थिती दर बढाउन पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण गर्न अनुदान दिने व्यवस्था मिलाईने छ ।
- माथि उल्लेखित शिक्षा सम्बन्धी निती तथा कार्यक्रम हरु सफल बनाउन र प्रभावकारी कार्यन्वयनको लागि सरकारी तथा गैरसरकारी कार्यालयहरु संग समन्वय गरि कार्यक्रमहरु संचालन गरिने छ ।
- विश्व व्यापीरुपमा महामारीको रुपमा फैलिएको कोभिड १९ कारण सामुदायीक विद्यालयमा अवरुद्ध रहेको पठन पाठनलाई सुचारु गर्न सवै विद्यालयहरुमा अतिरिक्त कक्षा संञ्चालका लागि रकम विनियोजन गरेको छु।
- शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालीम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

## ११ कृर्षि तथा पशुपंक्षी सम्बन्धी निती

- यस गाउँपालिका अन्तरगत लक्षित वर्ग पहिचान गरि समुह गठन गरि र गठित कृषि समुहको लक्ष्य ,उदेश्य र“ एक व्यक्ति एक समुहमाका आधारमा” समुह पुनर्गठन गरिने छ ।
- यस गाउँपालिकामा गठित कृषि समुहलाई अन्तर कृषक समुह प्रतियोगिता कार्यक्रम संचालान गरिने छ ।
- उत्कृष्ट कृषक समुहका सदस्यको प्रतियोगिता कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका स्तरीय विश्व धान दिवस तथा विश्व वातावरण दिवस कार्यक्रम संचालन गरिने छ ।
- कृषक समुहको मनोवल उच्च राख्न र उत्पादन क्षेत्रमा प्रतिस्पर्धा वढाउन कृषि मेला प्रदशनी गरिने छ ।
- प्रत्येक वडामा गठन भएका कृषक समुहलाई कृषि शिक्षा कार्यक्रम संचालन गरिनेछ
- कृषकको क्षमता वृद्धिको लागि विभिन्न किसिमका तालिम ,गोष्ठी ,भ्रमण लाई प्रभावकारी वनाउन आवश्यक व्यवस्था मिलाइने छ ।
- विउ विजन आत्मनिर्भर कार्यक्रम संचालन गरि उन्नत विउ किट वितरण को लागि कार्यक्रम संचालन गरिने छ ।
- 'अर्गानिक खेतीमा वृद्धि,कनकासुन्दरी गाउँपालिकाको सम्मृद्धि ' भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बाली उचित संरक्षण र प्रवर्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि अर्गानिक कृषि विशेष कार्यक्रम संचालन गरिने छ ।
- अर्गानिक कृषि उत्पादनको प्रबर्धन, विकास र कृषिलाई आधुनिकीकरण गर्दै रोजगारी सिर्जना गर्नको लागि संघीय सरकार, प्रदेश सरकार, सहकारी, निजी तथा अन्य संघ संस्थाहरूसँगको साझेदारीमा गाउँपालिकास्तरमा जैविकमल, जैविक विषादी र कृषिऔजार सहज व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- व्यावसायिक कृषकहरूलाई उत्पादनमा प्रतिस्पर्धाको वातावरण सिर्जना गरी उत्पादन बृद्धि गर्ने उद्देश्यको लागि उत्पादन तथा प्रतिफलमा आधारित कृषक प्रोत्साहन कार्यक्रमलागू गरिने छ । यसकालागि कृषक समूह, सहकारी र निजीफर्म सञ्चालन गर्ने व्यवसायीहरूलाई निश्चित कार्यविधि र मापदण्ड बनाई उत्पादनको परिमाण र सिर्जना गरिएको रोजगारीको आधारमा सञ्चालनगरिने छ ।
- कृषकहरूलाई उनीहरूको घरदैलोमागई आवश्यकता र औचित्यका आधारमा साना किसान लक्षित किसान सरकार हातेमालो कार्यक्रममार्फत सीप, सेवा र प्रविधिउपलब्ध गराइनेछ । र यस गाउँपालिका सम्पूण वडाहरुमा कृषकको वर्गीकरण गरि यसै अनुरुप कार्यक्रम संचालन गरि पचास किसान एक उत्प्रेरकको नम्स अगाडि ल्याइने छ ।
- ' हाम्रो उत्पादन हाम्रो शान, कृषि पेसालाई गरौं सम्मान ' भन्ने नारालाई सार्थक तुल्याउन योगदानमा आधारित व्यावसायिक कृषक पेन्सन कार्यक्रम लागू गरिने छ । यसका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरी संघीय र प्रदेश सरकारसंगको सहकार्यमा नमुना कार्यक्रम सञ्चालन गरिने छ ।

- विषादी मुक्त **गाउँपालिका** निर्माणको उद्देश्यलाई सार्थक बनाउन सम्पूर्ण खाद्य जन्य पदार्थहरूमा विषादी न्यूनीकरणको लागि किसान साझेदारी एग्रोभेट संचालनको ठोस कार्यक्रम ल्याइने छ
- एकीकृत नमुना कृषि उत्पादन कार्यक्रमअन्तर्गत हरेक वार्ड स्तरमा कृषिपूर्वाधार र प्राविधिक सहितको एकवार्ड, एक नमुना कृषिपकेट कार्यकम सञ्चालन गरिने छ । **साथै एक वडा एक नमुना फार्म कार्यक्रम संचालन गरिनेछ |**
- कृषि तथा पशुपंक्षीजन्य उत्पादनको भण्डारण गर्नको लागि **गाउँपालिकामा ५** मे टन क्षमताको सोलार शीत भण्डारको निर्माण**को लागि पहल गरिने** छ ।
- कृषकहरूको लागत जोखिम न्यूनीकरण गर्नको लागि कृषि तथा पशुपंक्षीबीमालाई प्रभावकारी बनाइने छ । यसरी बीमागर्दा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिइने छ । यसका अतिरिक्त कृषि तथा पशुपंक्षीमा हुने आकस्मिक क्षति व्यवस्थापन राहत जोखिम सहयोग कार्यक्रम समेत सञ्चालन गरिने छ । साथै कृषक र भौतिक संरचना विमामा विशेष सहयोग गरिने छ ।
- **गाउँपालिकाको** माटो परिक्षण कार्यलाइ निरन्तरता दिदै अभियानात्मक रुपमा अगाडि वढाइने छ ।
- 'कृषि पूर्वाधार, सुनिश्चितबजार'कार्यक्रमको लागि कृषि सडक, कृषि सिंचाई, कृषिउपज संकलन केन्द्र, हाट बजार, कोल्ड स्टोर ,सेलार स्टोर तथा रस्टिक स्टोर,ड्रायर हाउस **स्थापना र मेटल विन वितरण** आदिको प्रभावकारी कार्यान्वयन गरीने छ ।
- अन्य सरकारी तथा गैर सरकार संग सहकार्यको लागि सवै नागरिकलाइ कृषि पेशामा संलग्न गराइ **गाउँपालिका**को समृद्धिको मुख्यआधारको रुपमालिइने छ । यो कार्यक्रमलाइ मागमा आधारित व्यावसायिक कृषि विकास साझेदारी कार्यक्रम सञ्चालनगरिने छ । यसका लागि कृषक, कृषक समूह र सहकारी तथा कृषिफर्मसँग व्यावसायिक योजना र प्रस्तावका आधारमा छनोट गरिने छ ।
- प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा 'एक वडा एक कृषि तथा पशु प्राविधिक' को नीतिलागू गरिने छ ।
- अर्गानिक कृषि उत्पादनको नीतिबनाई प्रदेश सरकार संगको सहकार्यमा कार्यान्वयनमा ल्याइनेछ ।
- विशेष कार्यक्रम मार्फत कृषिको विविधीकरण, आधुनिकीकरण र बजारीकरणको प्रबर्धन गर्दै कृषिपर्यटन क्षेत्रको रुपमाविकास गरिने छ ।
- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिँदै नगदे वाली, प्याज, लसुन, बेसार, अदुवा, मह, च्याउ, पुष्प,, केशर, बदाम जस्ता स्थानीय वस्तुहरूको उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरणमा जोड दिइने छ ।
- **अध्यक्ष** उत्कृष्ट कृषि पुरस्कारको स्थापना गरी उत्कृष्ट कृषक,कृषक समूह, कृषिफर्म र सहकारी संस्थालाई पुरस्कृत गरिनेछ ।

- मागमा आधारित स्याउ,, अनार, ओखर लगायतका फलफूलका बिरुवाहरू सहुलियत दरमा पकेट क्षेत्रका विभिन्न कृषक, किसान समूह, कृषिफर्म र सहकारीहरूलाई लगाउन प्रोत्साहन गरिने छ।
- भूमिहीन परिवारलाई जमिन भाडामा लिई समूहमा आधारित व्यवसायिक खेतीगर्न एक पाइलट परियोजना सञ्चालन गरिने छ । यस कार्यक्रम अन्तर्गत मल, बीउ, सिंचाई आदिमा अनुदानको लागि आवश्यक व्यवस्था गरिने छ।
- यस पालिका मारहेका सम्पूर्ण निजि ,सामुदायिक,सरकारी आदि वाझो जग्गा मा फलफुलवाली,तरकारी वाली ,अन्नवालीर उच्च मूल्यकावाली लगाउने व्यक्ति,कृषक समुह ,सहकारी को मापदण्डर कार्यविधि तयार गरि ९० % अनुदानउपलब्ध गरिने छ ।

## रोजगार सम्वन्धी निति

- गाउँपालिका भित्रका सवै वेरोजगार व्यक्तीहरुको विवरण सुचिकृत गरि व्यवस्थित गरिनेछ।
- रोजगार बैकको स्थापना गरिनेछ।
- सुचिकृत वेरोजगारहरुलाई सम्पुर्ण भौतिक पुर्वाधार निमार्णका आयोजनामा श्रमिकका रुपमा परिचालन गरिनेछ।
- कोभिड १९ का कारण रोजगारी गुमाएर घर फर्केका सवै नागरिकहरुलाई रोजगार सुनिश्चित गर्न विषेश पहल गरिनेछ।
- सुचिकृत वेरोजगार व्यक्तीहरुको ज्याला अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानीको व्यवस्था मिलाईनेछ।

## अन्तमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गनिर्देशन गर्नुहुने कनकासुन्दरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु र मातहतका कर्मचारीहरु , विभिन्न समयमा अग्रज व्यक्तिहरुले दिनु भएका सुझावहरुलाई पनि नीति तथा कार्यक्रम निर्माणका चरणमा स्मरण गरेको छु । निति तथा कार्यक्रम छलफलका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने पदाधिकारीहरु , प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, बुद्धिजिवी, विषयगत कार्यालयका कर्मचारीहरु , पत्रकार मित्रहरु , सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सबै दिदी बहिनी , दाजु भाईहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा सहयोग पुराउने आम नागरीक, करदाता, सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै वजेटको सफल कार्यन्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गरेको छु ।

विभिन्न समस्या र चुनौतिहरुका बाबजुत बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिवद्ध र एकताबद्ध बनौ , साथै कनकासुन्दरी गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशावादी बनौ ।

## धन्यवाद्